नेपाल टेलिकम
NEPAL TELECOM

राष्ट्र निर्माण हाम्रो लक्ष्य

प.सं ०८२।८३
च.नं. प्रे.वि.नं. २२

मिति- २०८३।०१।२८

*अनलाइनमार्फत नयाँ प्रिपेड ई-सिम लिन सकिने सम्बन्धमा*

## प्रेस विज्ञप्ति

नेपाल टेलिकमको नयाँ प्रिपेड ई-सिम अब अनलाइनबाटै लिन सकिने भएको छ । यस अनुसार अब नयाँ ई-सिम लिन व्यक्ति स्वयं उपस्थित भएर नेपाल टेलिकमको कार्यालय जानुपर्ने बाध्यता हुने छैन ।

नयाँ प्रिपेड ई-सिम लिन चाहने सेवाग्राहीले esim.ntc.net.np लगइन गरी त्यहाँ रहेको Get New Prepaid eSIM मा क्लिक गरे पश्चात दिइएको निर्देशन अनुसार रजिष्टर गरी आवश्यक विवरण उपलब्ध गराउनु पर्नेछ । त्यसपछि विभिन्न वालेट तथा क्यूआर कोडमार्फत रकम भुक्तानी गरे पश्चात ई-सिमको क्यूआर कोड उपलब्ध हुन्छ । उक्त क्यूआर कोड स्क्यान गरी आफ्नो मोबाइल सेटको सेटिङमार्फत ई-सिम सक्रिय गर्न सकिन्छ ।

esim.ntc.net.np लगइन गरेर हाल नयाँ प्रिपेड ई-सिम लिन सकिने सुविधा थप गरिएको हो । यो भन्दा पहिले देखि नै प्रयोगमा रहेको सिमलाई अनलाइनमार्फत ई-सिम बनाउन सकिने सुविधा समेत उपलब्ध छ ।

नयाँ फिजिकल सिम लिनका लागि आवश्यक फारम भर्न र ग्राहक विवरण अर्थात केवाईसी दर्ता गर्न वा अद्यावधिक गर्नका लागि आवश्यक अनलाइन केवाईसी पोर्टल समेत यसैमा उपलब्ध छ ।

प्रक्षेत थापा क्षेत्री
सह-प्रवक्ता

सूचना तथा प्रकाशन शाखा,
प्रमुख व्यावसायिक अधिकृतको कार्यालय
भद्रकालीप्लाजा, काठमाण्डौ ।

नेपाल दूरसंचार कम्पनी लिमिटेड
Nepal Doorsanchar Company Ltd

फोन नं.
ना.प्र.नि : ०१४२१०१०६
प्रवक्ता : ०१४२१०२०४
सह-प्रवक्ता : ०१४२१०२९६
सूचना शाखा : ०१४२१०३०२